स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता पल शाहले जेल जीवनपछि करिअरमा ठूलो उतारचढाव भोग्नुपर्‍यो। २०८१ सालमा मात्र उनका दुईवटा फिल्म 'रावायण' र 'मायावी' व्यावसायिक रुपमा असफल भए। यसले गर्दा उनलाई फिल्ममा लिनै निर्माता-निर्देशकहरु हिचकिचाउन थालेका थिए। एउटा फिल्मबाट त उनलाई जानकारीबिनै हटाइएको समेत थियो। गत माघसम्म उनका दुई फिल्म 'मोहर' र 'आ बाट आमा' प्रदर्शन भइसकेका छन्।

आजको विचार...



सञ्जालको... (दुई पेजमा)

श्रीप्रसाद देवकोटा

फिल्म 'रमिताको पिरती'ले निकै कमजोर व्यापार गरेको बक्स अफिसले देखाएको छ। फिल्म एक सातामा २० लाख रुपैयाँसमेत कमाउन असफल देखिएको हो। चलचित्र विकास बोर्डले सार्वजनिक गरेको शनिबारसम्मको बक्स अफिस कलेक्सनका अनुसार फिल्मको आम्दानी १९ लाख ४३ हजार ५८८ ग्रस कलेक्सन छ। ब्रेकअपको कथामा बनेको फिल्मले विशेषगरी युवापुस्तामा देखिने प्रेम, धोका र ब्रेकअपपछिको मानसिक अवस्थालाई महिलाको दृष्टिकोणबाट प्रस्तुत गरेको छ।



❒ वर्ष ३१ अंक २०१ ❒ २०८२ फागुन ६ गते बुधबार 18 February 2026, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### आक्रमणमा २३ जनाको मृत्यु

(रासस/सिन्हुवा)

**इस्लामावाद,फागुन५** /पाकिस्तानको उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तको सुरक्षा चेक पेष्टमा भएको आतंकवादी आक्रमणमा कम्तीमा ११ जना सुरक्षाकर्मी र १२ जना आतंकवादीको मृत्यु भएको सेनाले मंगलबार जनाएको छ । आतंककारीहरूले बाजौर जिल्लामा सुरक्षा बल र कानून प्रवर्तन एजेन्सीहरूको संयुक्त चेकपोष्टमा आक्रमण गर्ने प्रयास गरेको पाकिस्तानी सेनाको मिडिया शाखा इन्टर-सर्भिस पब्लिक रिलेसन्स (आइएसपिआर) ले विज्ञप्ति मार्फत जनाएको छ ।आक्रमणकारीहरूले चेकपोस्टको सुरक्षा उल्लैन गर्ने प्रयास गरेता पनि सुरक्षाकर्मीहरूले द्रुत र प्रभावकारी रूपमा गरेको जवाफी कारवाहिमा १२ जना आतंककारीको मृत्यु भएको विज्ञप्तिमा उल्लेख गरिएको छ । आक्रमण पछि विस्फोटक पदार्थले भरिएको गाडी चेकपोस्टको पर्खालमा ठोक्किएर शक्तिशाली विस्फोट हुँदा चेकपोष्टको केही भाग क्षेतिग्रस्त भएको आइएसपिआरले जनाएको छ । विष्फोटको कारण ११ जना सुरक्षाकर्मीको मृत्यु भएको जनाउदै नजिकैको आवासीय भवनहरू पनि क्षतिग्रस्त हुँदा एक जना महिलाको मृत्यु हुनुका साथै अन्य सात जना सर्वसाधारण घाइते भएको जनाइएको छ ।

# राष्ट्रिय प्रसारण लाइनमा जोडियो गुल्मी

*वर्षौंको प्रतीक्षापछि जिल्ला अन्तत: राष्ट्रिय विद्युत् प्रसारणमा जोडिएको हो । राष्ट्रिय प्रसारण लाइनले जिल्लामा पटक-पटक विद्युत् अवरुद्ध हुने समस्याको अन्त्य हुने भन्दै जिल्लावासी उत्साहित भएका छन् । यसले जिल्लामा उद्योग, व्यवसाय र रोजगारीका नयाँ सम्भावनाको ढोका समेत खोलेको छ ।*

**हाम्रा संवाददाता**

**गुल्मी, फागुन ५/** गुल्मीमा राष्ट्रिय प्रसारण लाइनको विद्युत् पुगेको छ । वर्षौंको प्रतीक्षापछि जिल्ला अन्तत: राष्ट्रिय विद्युत् प्रसारणमा जोडिएको हो ।

नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणले लगानीमा आयोजना सफल भएको हो । उनायचौर-पौदी-बुर्तिबाङ् १३२ केभी लाइनको सफल परीक्षण भएपछि गुल्मी राष्ट्रिय विद्युत् प्रसारणमा जोडिएको छ । रेसुङ्गा नगरपालिका-७, उनायचौर सब स्टेसनदेखि बागलुङ बुर्तिबाङसम्मको १३२ केभी राष्ट्रिय प्रसारण लाइन दुई दिन परीक्षण गरी सञ्चालनमा ल्याइएको हो । यस प्रसारण लाइन अन्तर्गत गुल्मीको उनायचौर र मुसिकोट



नगरपालिका-१, पौदी अमराईमा गरी दुई वटा सब स्टेसन रहेका छन् । कपिलवस्तुको मोतीपुरदेखि सन्धिखर्क-तम्घास-बुर्तिबाङसम्म करिब ८६ किलोमिटर दूरीमा पाँच वटा सब स्टेसन र २ सय ४८ वटा टावर निर्माण गरिएको आयोजना प्रमुख इन्जिनियर मनोज चौधरीले जानकारी दिए । उनका अनुसार अहिलेसम्म ४ अर्ब ७ करोड ६१ लाख ६२ हजार ७ सय ३५ रुपैयाँको लागतमा सब स्टेसन र प्रसारण लाइन विस्तार भएको छ । आयोजना सफल भएपछि नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले त्यसको अनुगमन तथा निरीक्षण गरेका छन् । निरीक्षणका क्रममा कार्यकारी निर्देशक शाक्यले राष्ट्रिय प्रसारणसँग जोडिनु जिल्लाका लागि निकै महत्वपूर्ण उपलब्धि भएको बताए । उनले विद्युत् अभावमा रोकिएका उद्योग कलकारखानामा लगानी बढाएर पहाडबाट हुने बसाइसराइ रोक्नु नै प्राधिकरणको मुख्य उद्देश्य रहेको उल्लेख गरे । यसले अवसरका ढोका खोलेकाले यसको सदुपयोग गरी आर्थिक समृद्धिका काममा लाग्न यहाँका उद्योगी, व्यवसायी तथा लगानीकर्तालाई आग्रह समेत गरे । राष्ट्रिय प्रसारण लाइनले जिल्लामा पटक-पटक विद्युत् अवरुद्ध हुने समस्याको अन्त्य हुने भन्दै जिल्लावासी उत्साहित भएका छन् । यसले जिल्लामा उद्योग, व्यवसाय र रोजगारीका नयाँ सम्भावनाको ढोका समेत खोलेको छ ।

## दुर्गामाथि अनुसन्धान गर्न म्याद थप



**पाल्पा,** फागुन ५/राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानका संयोजक तथा मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई चार दिन हिरासतमा राख्न प्रशासनले अनुमति दिएको छ । उनीमाथि अनुसन्धान गर्न जिल्ला प्रशासन कार्यालय काठमाडौँले प्रहरीलाई चार दिनको म्याद दिएको हो ।

सोमबार भक्तपुरस्थित आफ्नै निवासबाट पक्राउ परेका प्रसाईंलाई जिल्ला प्रहरी परिसर काठमाडौँले मंगलबार प्रशासनमा पेस गरेको थियो । निर्वाचनसम्बन्धी अफवाह फैलाएर शान्ति खलल गरेको आरोपमा प्रसाईंलाई सार्वजनिक शान्तिविरुद्धको कसूरमा पक्राउ गरिएको र सोही कसुरमा अनुसन्धानका लागि म्याद थप भएको जनाइएको छ ।

उनले २१ फागुनमा कुनै हालतमा निर्वाचन नहुने भन्दै सार्वजनिक रुपमा बोल्दै हिँडेका थिए । यसअघि वीरगञ्ज जान लागेका बेला प्रसाईंलाई चाल्नाखेलबाट प्रहरीले पक्राउ गरेको थियो । त्यो भन्दा अघि पनि उनी पोखराबाट पक्राउ परेका थिए ।

## लुम्बिनी प्रदेशमा 'सुरक्षित मातृत्व अभियान' सुरु

**रुपन्देही, फागुन ५/** लुम्बिनी प्रदेश सरकारले मातृ तथा नवजात शिशु मृत्युदर न्यूनीकरणलाई लक्षित गर्दै 'सुरक्षित मातृत्व अभियान' विशेष अभियान सुरु गरेको छ । प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयले सोमबार रुपन्देही र नवलपरासीका स्थानीय तहका जनप्रतिनिधि तथा स्वास्थ्यकर्मीलगायत सरोकारवालासँग अन्तर्क्रिया गरी अभियान बारेको अवधारणासहितको ढाँचा सार्वजनिक गरेको छ ।

साथै सरोकारवालाका सुझाव समेतलाई संलग्न गरी अभियानलाई थप प्रभावकारी बनाउने मन्त्रालयको लक्ष्य छ । विभिन्न स्थानीय तहका अधिकारी सहभागी रहेको कार्यक्रमले नि:शुल्क प्रयोगशाला तथा युएसजी परीक्षण, सम्मानजनक सेवा प्रवर्द्धन र स्थानीय तहस्तरीय अनुगमनलाई एकीकृत ढङ्गले अघि बढाउने निचोड पनि निकालेको छ ।

**सेवाको निरन्तरतामा चुनौती**




लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयका अनुसार प्रदेशमा गर्भवती जाँच (एएनसी) ८२ प्रतिशत र संस्थागत सुत्केरी ८७ प्रतिशत पुगेको छ । तर सुत्केरीपछिको जाँच (पीएनसी) ६६ प्रतिशतमा सीमित रहनु सेवाको निरन्तरतामा चुनौती देखिएको संकेत भएको जनाइएको छ । सार्वजनिक विवरणमा आर्थिक वर्ष २०८१/८२ मा ७९ हजार ५३६ संस्थागत सुत्केरी भएका छन् भने ७१४ घरमै सुत्केरी भएका छन् । यसैगरी, १०९ स्थानीय तहमध्ये ४८ ले शून्य घर सुत्केरी उपलब्धि हासिल गरे पनि ६१ स्थानीय तहमा घरमा सुत्केरी कायम रहनुले पहुँच र व्यवहार परिवर्तन दुवैमा थप काम आवश्यक रहेको देखिएको मन्त्रालयको भनाइ छ ।(...बाँकी अन्तिम पेजमा )

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## भ्रष्टाचार नियन्त्रणमा स्थिर

ट्रान्सपरेन्सी इन्टरनेसनल नेपाल (टिआई)ले सार्वजनिक गरेको भ्रष्टाचार अवधारणा सूचकांक, २०२५ अनुसार नेपालले यस वर्ष पनि ३४ अंक प्राप्त गरेको छ । गत वर्ष जस्तै अंक कायम रहँदा भ्रष्टाचार नियन्त्रणको अवस्थामा उल्लेखनीय सुधार देखिन नसकेको संकेत सूचकांकले दिएको छ । राजनीतिक इच्छाशक्ति, कानुनको पूर्ण कार्यान्वयन, स्वतन्त्र न्यायपालिका र नागरिक सहभागिता सुदृढ हुन नसक्दा भ्रष्टाचार नियन्त्रण हुन सकेको छैन् । यो अत्यन्तै दुखको कुरा हो ।

भ्रष्टाचार पैसा कमाउने अचुक अस्त्र बनेको छ । बिना कुनै उद्योग, बिना कुनै गतिलो व्यापार व्यवसाय अनि बिना कुनै अन्तर्राष्ट्रिय संस्थाको आकर्षक जागिर ती भाग्यमानी महाशयको दिन दुई गुणा रात चौगुणा यसरी आर्थिक अवस्थामा एकाएक भएको छलाङ नै भ्रष्टाचार हो । यसैको परिणाम दक्षिण एसियामै सर्वाधिक भ्रष्टाचार हुने देशको सूचीमा नेपाललाई चिनिन्छ । यो निकै चिन्ताको विषय हो । यस पटक पनि ट्रान्परेन्सी इन्टरनेसनलले नेपालको भ्रष्टाचार नियन्त्रणमा सुधार हुन नसकेको देखाएको छ ।

विगत वर्षमा पनि नेपालको अवस्था यस्तै हुने गरेको थियो । यस वर्ष पनि सुधार हुनुको सट्टा अझै अवस्था बिग्रिएर गएको देखाइएको छ । भ्रष्टाचारमा शून्य सहनशीलताको अवधारणा सुन्नमा निकै राम्रो लागे पनि त्यसको प्रयोग भने व्यवहारतः हुन नसक्नुले नै भ्रष्टाचारजन्य रोगलाई स्वतः हाबी बनाइरहेको छ । नेपालमा राजनीति गर्नेहरू प्रायः कुनै न कुनै रूपमा भ्रष्टाचारमा संलग्न हुने गरेको पाइन्छ । सिधासाधा व्यक्ति अब नेपाली राजनीतिमा अयोग्य सावित हुन पुगेका छन् । यो पनि यो भ्रष्टाचारको प्रकाष्ठ नै हो । डन, पैसावाला र भ्रष्टाचार गर्नेहरुको नै यहाँ हालिमुहाली हुन थालेको छ । भ्रष्टाचारलाई विकास र समृद्धिको बाधकका रुपमा लिइने गरिएको छ । ठूलो रकमको अपचलन हुने स्थिति निर्माण हुँदा त्यसले देशको अर्थतन्त्रलाई सकारात्मक दिशामा अघि बढ्न दिंदैन । सञ्चार माध्यमबाट पटक -पटक भ्रष्टाचारको अन्त्यका लागि खबरदारी नगरिएको होइन, तर राजनीतिक दलहरु सच्चिन सकेनन् । जसका कारण भ्रष्टाचार झन् झन् मौलाउँदै गएको छ । अब पनि भ्रष्टाचारको अन्त्य गर्न सकिएन भने न त देशको विकास हुन्छ न त समृद्धि नै ।

### Opinion @ Socia Network

सभ्यता र असभ्यता दुवै छ म सँग
मेरो नैतिकता केवल हजुरको व्यवहारले निर्धारण गर्छ।। ।
*(ओम ढकालको* ***फेसबुक स्टाटसबाट*** *www.facebook.com/Om.Dhakal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सञ्जालको लोकप्रियता रोज्ने कि नेतृत्वको क्षमता ?



श्रीप्रसाद देवकोटा

*आन्दोलनको उद्देश्य पक्कै पनि २०८४ मा हुनुपर्ने प्रतिनिधि सभाको निर्वाचन २०८२ मा सम्पन्न गर्ने थिएन । डिस्कोर्डबाट प्रधानमन्त्री छान्ने थिएन । सडकमा हिंडेका व्यक्तिलाई तानेर मन्त्री बनाउन पक्कै होइन । सामाजिक सञ्जालमा नायकत्व गराएर कुनै व्यक्तिलाई सरकारको प्रमुख बनाउने झनै थिएन होला । न्यायालय जलाएर हजारौँ प्रमाण नष्ट गर्न र कैदीहरू भगाउन होइन होला । आन्दोलनको उद्देश्य, उठान, परिणाम र सरकार गठनसम्म आइपुग्दाका परिघटनाले आन्दोलन कसरी हाइज्याक भयो, विध्वंसमा को-को कसरी परिचालन भए र सरकार कसरी बन्यो भन्ने प्रश्नहरूको जवाफ दिनु नपर्ला ।*

राजनीति स्थिर देखिए पनि समयसँगै जनताको चेतना, आकाङ्क्षा र अपेक्षा परिवर्तन भइरहन्छन् । जब राजनीतिक दलहरू जनताको चेतना, आकाङ्क्षा र अपेक्षाहरूलाई बुझ्न असफल हुन्छन्, त्यतिबेला समाजले विकल्प खोज्न थाल्छ। विकल्पको खोजी कुनै आकस्मिक राजनीतिक घटना होइनह यो लामो समयदेखि सञ्चित असन्तुष्टि, निराशा र परिवर्तनको चाहनाबाट उत्पन्न हुने सामाजिक प्रक्रिया हो । जब पुराना दलहरू र नेतृत्वले समाजका प्रश्नहरूको उत्तर दिन सक्दैनन्, त्यतिबेला नयाँ विचार, नयाँ कार्यशैली र नयाँ राजनीतिक संस्कारको दाबी गर्दै वैकल्पिक राजनीतिक दलहरू जन्मिन्छन् । पुराना दलहरू नयाँ चुनौती र आवश्यकतासँग जुध्न र पूरा गर्न सक्दैनन्, तब समाज स्वाभाविक रूपमा नयाँ विकल्पतर्फ हेर्न थाल्छ। यही सामाजिक प्रक्रियाबाट वैकल्पिक राजनीतिक दल जन्मिन्छन्। विश्वभरिका परिघटनाले यस कुराको पुष्टि गर्दछ । समाजशास्त्री एन्थोनी गिडेन्सले भनेझैं, आधुनिक समाजमा राजनीति पनि निरन्तर रूपान्तरण हुनुपर्छ । युवा पुस्ताको चेतना, प्रविधिको प्रयोग, पारदर्शिता र सहभागितामूलक शासन आजको आवश्यकता हो, जुन परम्परागत दलहरूले पर्याप्त रूपमा सम्बोधन गर्न सकेका छैनन्। यदि राजनीति समयानुकूल परिवर्तन भएन भने, त्यो समाजभन्दा पछाडि पर्छ । परिवर्तनलाई अस्वीकार गर्ने राजनीतिक संरचनाले अन्ततः प्रतिरोध, विद्रोह वा वैकल्पिक शक्तिको सामना गर्नुपर्छ । यही कारण विश्वभर क्षणभरमा विद्रोह सल्किएको छ । गत भदौ २३ र २४ को विद्रोहमा कुनै खास उमेर समूहको नाम बाहिर आए पनि आन्दोलनकारीमाथिको हिंसा, हत्या र भोलिपल्टको विध्वंसका पछाडि धेरै कारणहरू छन् । रूपान्तरण हुन नसकेको राजनीति प्रमुख कारण हो । सत्ता र शक्तिका लागि ठूला तीन दलहरूको सिन्डिकेट दोस्रो कारण हो। मुलुकको भूराजनीतिक जटिलता र संवेदनशीलतामाथिको असन्तुलन तेस्रो कारण हो । आन्दोलनको अग्रमोर्चामा ...जेन-जी... देखिए तापनि भदौ २३ र २४ गतेको हत्या, हिंसा र विध्वंसका यिनै तीन कारण हुन् । भदौ २३ को सरकारको दमन र हत्याहिंसाविरुद्ध सामाजिक सञ्जालमा ठूलो विद्रोह चल्यो, तर मुलुकको न्यायपालिका, कार्यपालिका र व्यवस्थापिका जल्दा कुनै नागरिकबाट आगो निभाउने चेष्टा भएनह सञ्जालमा संरक्षणको कुनै शब्द भेटिएन। आन्दोलनकारीबाट नेताहरूको घर जल्यो, लखेटिए, कुटिए, अमानवीय तरिकाले सुरक्षाकर्मीहरू मारिए, तर नागरिकको मन जलेनह उल्टै आन्दोलन दमन गरेको भन्दै आक्रोशले सडक र सञ्जाल भरियो । पुराना दल र छिप्पिएको बेथितिले मुलुक जले पनि नागरिकहरू खरानी हेरेर शान्त रहे। सत्ता, शासक, दलहरू र नेताप्रति जनताको करुणा जागेन । सिंहदरबार ढुङ्गा र माटोको भौतिक संरचना मात्र होइन, यो राजनीतिक इतिहास, शासन व्यवस्था र राष्ट्रिय पहिचानको प्रतीक हो। जनताको विश्वास, सैर्ष, आशा र अस्मिताको प्रतिनिधित्व हो । तर, राज्य र नागरिकबाट कुनै संरक्षण पाएन। मुलुकले सन् १९९१ पछि करिब एक दर्जन राजनीतिक आन्दोलन भोगे पनि भदौ २४ को जस्तो राज्यको भौतिक सम्पत्ति, व्यक्तिका निजी घर र कमर्सियल भवनहरूमाथिको विध्वंस भोगेको थिएन । सत्तामा लिप्त दलहरू भ्रष्टाचारको नशाले झुम्म थिए । दलहरूको कुशासन र भूराजनीतिले अनुकूल अवस्था पर्खिएको थियो । आन्दोलन स्वचालित र परिचालित दुवै थियो । विभिन्न लेपमा खरिद पात्रहरू समाजमा गहिरो गर : परिचालित पात्रहरूको नियन्त्रण र सञ्चालनमा थियो । पेसा र सेवाले समाजमा स्थापित वर्ग नै यो विध्वंसमा अगाडि थिए । भ्रष्टाचारविरुद्धको नारामा उठान गरिएको आन्दोलन ...जेन-जी... को नेतृत्वमा सुरु हुँदा नै हाइज्याक भइसकेको थियो । आन्दोलन उठान गर्ने उमेर समूह घुसपैठको आशङ्कापश्चात् माइतीघरबाटै त्रासले लुकिसकेको थियो । दलहरूप्रतिको नागरिक वितृष्णा, सरकारको दमनविरुद्धको नागरिक प्रतिशोधलाई परिचालित शक्तिले हतियार बनाएर विध्वंस मच्चाएको हो । बिनातयारी देशैभरिको यति ठूलो विध्वंस सम्भव थिएन र छैन । सरकार र दलहरूको कुशासनबाट दिक्क नागरिकहरू जति नै विध्वंस भए पनि मौन रहे । दुई दिनको आन्दोलन र विध्वंसमा ६ दर्जनभन्दा बढी नागरिकको मृत्यु भयो, सयौँ घाइते भए र अर्बौंको क्षति भयो । आन्दोलनको उपलब्धिको जस लिन धेरैले प्रयास गरे, तर कसैले निहत्था नागरिकको हत्या र अर्बौंको क्षतिको जिम्मा लिने चेष्टा गरेनन्। अस्पतालमा रहेका घाइतेहरूको कुरुवासम्म कोही भएनन् । आन्दोलनको उद्देश्य पक्कै पनि २०८४ मा हुनुपर्ने प्रतिनिधि सभाको निर्वाचन २०८२ मा सम्पन्न गर्ने थिएन । डिस्कोर्डबाट प्रधानमन्त्री छान्ने थिएन । सडकमा हिँडेका व्यक्तिलाई तानेर मन्त्री बनाउन पक्कै होइन । सामाजिक सञ्जालमा नायकत्व गराएर कुनै व्यक्तिलाई सरकारको प्रमुख बनाउने झनै थिएन होला । न्यायालय जलाएर हजारौँ प्रमाण नष्ट गर्न र कैदीहरू भगाउन होइन होला । आन्दोलनको उद्देश्य, उठान, परिणाम र सरकार गठनसम्म आइपुग्दाका परिघटनाले आन्दोलन कसरी हाइज्याक भयो, विध्वंसमा को-को कसरी परिचालन भए र सरकार कसरी बन्यो भन्ने प्रश्नहरूको जवाफ दिनु नपर्ला । हिजो जे-जस्तो परिस्थिति भोगे पनि आज मुलुक निर्वाचनमा होमिएको छ । दलहरू निर्वाचनमा होमिएका छन् । भदौ २३ र २४ घटनाका दुवै पक्षहरू (हत्याहिंसा र विध्वंस) घरदैलोमा व्यस्त छन् । कर्मचारी, पत्रकार, इन्जिनियर, डाक्टर, युट्युबर, टिकटकर, माफिया, व्यापारी सबै उम्मेदवार बनेका छन् । आ-आफ्नो क्षेत्रमा सफल पात्रहरूको पछिल्लो रोजाइ राजनीति किन बन्न पुग्यो ? राजनीति पेसा हो कि सेवा ? नेता बन्नु आवश्यकता कि बाध्यता ? नेता समाजमा आक्रोश, भ्रम र कुण्ठा छरेर बनिन्छ कि पारदर्शिता, उत्तरदायित्व, दीर्घकालीन दृष्टिले ? मतदाताले प्रत्येक उम्मेदवारलाई यी प्रश्नहरू सोध्नुपर्छ । अर्कोतर्फ सामाजिक सञ्जाल भावना, प्रतिशोध र कुण्ठाको बजार बनेको छ, विवेकको होइन । उत्तेजना, भावना र प्रतिशोध बोकेका पात्रहरू उम्मेदवार बनेका छन् । नयाँ र पुराना दलहरूको भाष्यले मतदाताहरू विभाजित छन् । कन्भिन्स र कन्फ्युजनको राजनीतिले जनताहरू भ्रमित छन् । उही व्यक्ति पुराना दलमा हुँदा भ्रष्ट र नयाँ दल प्रवेशले चोखो ? नयाँ र वैकल्पिक दलको लेपका उम्मेदवारहरूले मतदातासँग आफ्नो नीति तथा कार्यक्रम भन्दा पनि कुण्ठा र आक्रोश बाँडेका छन् । मतदाता कुनै भ्रममा अल्झिनु पर्दैनह कथित नयाँ दलका नेता र कार्यकर्ता उही पुराना दलबाटै आवश्यकता र अवसरको खोजीले फेरिएका हुन् । पुराना दलहरूलाई भ्रष्टाचारीको उपमा दिँदै सञ्जाल भर्नेहरूको इतिहास पनि झन् खराब र दूषित छ । अर्कोतर्फ, सामाजिक सञ्जालमार्फत पपुलिजमलाई अस्वाभाविक रूपमा बढावा दिइएको छ । नीतिभन्दा सामाजिक सञ्जालको पपुलिजम महत्त्वपूर्ण हो भन्ने भाष्य क्षण-क्षणमा विज्ञापन गरिएको छ। सञ्जालमा मुलुकको नेतृत्व हाँक्न अगाडि सारिएका पात्रहरू आफ्नो नीति र एजेन्डाहरू प्रस्तुत होइन, भीडको नायक बन्न देश दौडाहामा छन् । समाजका सञ्चित असन्तुष्टि, निराशा र परिवर्तनको चाहनाबाट पपुलिस्ट र सञ्जालको नायक बने पनि राष्ट्रको नेतृत्व लिन र सेवक बन्न निकै कठिन छ । लोकप्रियता क्षणिक र सहायक हुन सक्छ, तर पर्याप्त होइन । राष्ट्र निर्माण पपुलिजम र ट्रेन्डको लहरले होइन, नेतृत्वको निरन्तर प्रयास, नीति र उत्तरदायित्वले हुन्छ । जब सामाजिक सञ्जालको पपुलिजम शासनभन्दा माथि उठ्छ, तब मुलुक भूराजनीतिक सङ्कट र असफलतामा फस्छ । सामाजिक सञ्जालको पपुलिजमले सत्तामा पुगेका मुलुकहरूले अहिले भोगेको सङ्कटबाट हामी सजग हुन जरुरी छ । अन्तमा, सामाजिक सञ्जालले नायक देखाउन सक्छ, तर नेतृत्व छान्दैन । नेतृत्वको समर्थनमा तालीको आवाज चर्को हुन सक्छ, लाइक र कमेन्टको बाढी आउन सक्छ, तर राष्ट्रलाई अघि बढाउने शक्ति प्रायः शान्त, गम्भीर र दूरदृष्टिमा लुकेको हुन्छ । त्यसैले, डिजिटल प्रियताभन्दा दूरदृष्टि भएको नेतृत्व छान्ने मतदाताको आजको सबैभन्दा ठूलो राजनीतिक परिपक्वता हो। मत कुनै नेताको सामाजिक सञ्जालको प्रियता होइन, उसको नैतिकता र पारदर्शिता हेरेर दिनुपर्छ । सत्ता आफैँ उद्देश्य होइनह जनताको सेवा गर्ने उपकरण हो । नेता र नेतृत्व भनेको सेवा, उत्तरदायित्व र दूरदर्शी निर्णयको वहन हो । नेता देवत्व वा भनौँ सामाजिक सञ्जालको नायक होइन, जनताको विश्वासको संरक्षक हो । यस अर्थमा मतदाताले यही आवश्यकतालाई पूरा गर्ने सम्भावना बोकेको व्यक्तिलाई मत दिनुपर्छ, जहाँ नीति प्राथमिकतामा हुन्छ, व्यक्ति होइनह जहाँ सत्ता सेवा बन्नुपर्छ, नेता सेवक हो, देवत्व होइन ।*-अनलाइन खबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : भौतिक संसाधन जुटाउनाले प्रसन्नता मिल्नेछ।आयआर्जन गर्ने स्रोतहरू बढ्नेछन्।

**वृष** : कामको नयाँ प्रस्ताव आउनेछ। मेहनतले गर्दा राम्रो परिणाम प्राप्त हुनेछ।

**मिथुन** : साझेदारी व्यापारमा लाभ र हनेछ। प्रेम र मित्रताको बन्धन कसिनेछ।

**कर्कट** : सहयोगीहरूको राम्रो साथ पाइनाले चिताएको काम सम्पादन गर्न सकिनेछ।

**सिंह** : समस्या निम्त्याउला सचेत रहनुहोस्। सम्भावना खोज्ने समय रहेको छ।

**कन्या** : आत्मविश्वासको कमीले काम बिग्रिन सक्छ। पठनपाठनमा मन लाग्नेछ।

**तुला** : पारिवारिक सद्भावमा कमी आउनेछ। फजुल काममा समय वा धन खर्च हुनेछ।

**वृश्चिक** : असमझदारी बढ्नुका साथै काममा बाधा आउन सक्छ।

**धनु** : नयाँ काम सुरु गर्ने समय रहेको छ। व्यापारमा विशेष फाइदाका योग छन्।

**मकर** : उद्योग व्यापारमा धन आर्जन गर्ने अवसर मिल्नेछ। शत्रुहरू परास्त हुनेछन्।

**कुम्भ** : सहयोगीहरूले राम्रो साथ दिनेछन्। नोकरी वा पेशामा प्रभाव बढ्नेछ।

**मीन** : सोचेको काम समयमा सम्पादन नगर्नाले हाथमा आएको अवसर फुत्किने छ।

# कला मनोरञ्जन

## करण र जेनिफरको विवाहको चर्चा ?



टेलिभिजनका चर्चित कलाकारहरू करण वाही र जेनिफर विकेट यतिबेला आफ्नो व्यक्तिगत जीवनका कारण चर्चाको केन्द्रमा छन्। केही समययता सामाजिक सञ्जाल र विभिन्न सञ्चारमाध्यमहरूमा उनीहरूले विवाह गर्न लागेको दाबीसहितका समाचारहरू निरन्तर फैलिरहेका छन्। यद्यपि, यी हल्लाहरूमा कुनै सत्यता नभएको पुष्टि भएको छ । हिन्दुस्तान टाइम्सको रिपोर्ट अनुसार करण वाहीले यी सबै खबरहरूलाई सिधै अस्वीकार गर्दै भ्रामक समाचार भएको स्पष्ट पारेका छन्। करणको यो बयानसँगै उनीहरूको विवाहलाई लिएर भइरहेका अड्कलबाजीहरूमा तत्कालका लागि पूर्णविराम लागेको छ । करण र जेनिफर लामो समयदेखि उद्योगका निकै नजिकका साथीहरू हुन् । उनीहरूले आफ्नो करियरको सुरुवाती चरणमा चर्चित टीभी शो 'दिल मिल गए' मा सँगै काम गरेका थिए । उक्त शोमा जेनिफरले डा. रिद्धिमा गुप्ता र करणले डा. सिद्धान्त मोदीको भूमिका निर्वाह गरेका थिए । करिब १४ वर्षपछि सन् २०२४ मा उनीहरू वेब सिरिज 'रायसिंघानी भर्सेस रायसिंघानी' मा पुन: एकसाथ देखिएका थिए । पर्दामा उनीहरूको केमेस्ट्रीलाई दर्शकले निकै रुचाएपछि उनीहरू प्रेम सम्बन्धमा रहेको र विवाह गर्न लागेको हल्ला चल्न थालेको हो । व्यक्तिगत जीवनको कुरा गर्दा करण वाही लामो समयदेखि अविवाहित छन् भने जेनिफर विकेटको यसअघि अभिनेता करण सिंह ग्रोभरसँग विवाह भएको थियो। सन् २०१२ मा विवाह बन्धनमा बाँधिएका उनीहरू दुई वर्षपछि सन् २०१४ मा छुट्टिएका थिए । हाल दुवै कलाकार आ-आफ्नो नयाँ प्रोजेक्टमा व्यस्त छन् । जेनिफर छिट्टै नेटफ्लिक्सको एक वेब सिरिजमा देखिनेछिन्, जसमा परिणीति चोपडा र ताहिर राज भसिनको पनि अभिनय रहनेछ । त्यस्तै, करण वाही सुरभि ज्योतिसँग शो 'सेभेन एण्ड ए हाफ डेट्स' मा देखिने तयारीमा छन् ।

*-रातोपाटी डटकम*

## रामकृष्ण ढकालको फिल्म 'मालती मंगले' को प्रदर्शन मिति तय




गायक रामकृष्ण ढकालको निर्माण रहेको फिल्म 'मालती मंगले' को प्रदर्शन मिति घोषणा भएको छ । निर्माण पक्षले शनिबार पोस्टर ल्याउँदै प्रदर्शन मिति घोषणा गरेको हो । फिल्म आगामी बैशाख २५ गतेदेखि नेपालभर प्रदर्शनमा आउनेछ । सार्वजनिक पोस्टरले फिल्मको मुख्य मर्म र पात्रहरूको रसायनलाई आकर्षक ढंगले प्रस्तुत गरेको छ । पोस्टरमा फिल्मका मुख्य कलाकार विजय बराल र वर्षा राउतलाई निकै आत्मीय र प्रेमिल मुद्रामा देखाइएको छ । पोस्टरमा विजयले वर्षाको काखमा आरामदायी भावमा टाउको राखेका छन् भने रातो रंगको ग्रामीण पहिरनमा सजिएकी वर्षाले विजयको टाउकोमा आफ्नो टाउको अड्याउँदै मुस्कुराइरहेकी छिन । विजय बस्यालले डिजाइन गरेको पोस्टरको पृष्ठभूमि र पात्रहरूको हुलियाले फिल्मले एउटा अर्ग्यानिक र माटोको सुगन्ध बोकेको ग्रामीण प्रेमकथा वा सामाजिक परिवेशलाई उठान गरेको आभास दिन्छ । निर्देशक प्रकु पाण्डेयले फिल्मलाई एक विशुद्ध नेपाली पारिवारिक प्रेमकथाको रूपमा व्याख्या गरेका छन् । उनले भने, 'यो परिवारको सबै उमेर समूहका सबै जना एकसाथ बसेर हेर्न सकिने फिल्म हो । यसले हाम्रो समाजको एउटा बलियो पाटोलाई उजागर गर्ने प्रयास गरेको छ ।' फिल्मको कथा पनि निर्देशक पाण्डेय स्वयंले लेखेका हुन् भने पटकथा तथा संवाद संयोग गुरागाईंले तयार पारेका हुन् । फिल्म रानी म्युजिक इन्टरनेशनल प्रा.लि.को ब्यानरमा युनी इन्टरटेनमेन्टको सहकार्यमा निर्माण भएको हो । यसको कार्यकारी निर्मातामा सागर ज्ञवाली रहेका छन् भने सह-निर्माताहरूमा बाबु सुवेदी, रविन श्रेष्ठ, वेदना कर्माचार्य श्रेष्ठ, पद्मावती गुरूङ र स्वीकृति बस्नेत छन् । फिल्ममा विजय र वर्षासहित मेक्सम गौडेल मुख्य भूमिकामा देखिएका छन् । साथमा प्रकाश घिमिरे, सरिता गिरी, सुस्मा निरौला, सुनिल तामाङ, उमेश सुनाम, शकु शाह, सुचित्रा उप्रेती, दिनेश शाही, रिजन परियार, तारा शर्मा, गीता श्री, राज पंगेनी, सुस्मिता गुरूङ र सागर भट्टराईलगायत कलाकारहरूको पनि अभिनय छ । छायांकार महेश पौडेल हुन् भने सम्पादन रोमी मोजेजको, रंग संयोजन कृष्ण भण्डारीको, ध्वनि मिश्रण डिकेश खड्गीको छ । फिल्मको डिजिटल वितरक ओएसआर डिजिटलले गर्नेछ भने थिएटर वितरक आरआर फिल्म्स मार्फत हुनेछ ।

*-सेतोपाटी डटकम*

## विभिन्न ३९ विधामा ज्योति फिल्मस् म्युजिक अवार्ड तथा सम्मान



'हाम्रो अभियान, कलाकर्मीलाई सम्मान' भन्ने मूल नाराका साथ आयोजना गरिएको सातौं ज्योति फिल्म्स म्युजिक अवार्ड-२०८२ राजधानी काठमाडौंमा एक समारोहबीच सम्पन्न भएको छ । रोयल मुभिज प्रालिको प्रस्तुति तथा ज्योति फिल्मस्को आयोजनामा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा राष्ट्रिय भाव, पप, आधुनिक, लोकदोहोरी, लोकआधुनिक, चाडपर्व विशेष, भाषाभाषीका गीत तथा संस्कृति झल्कने गीतहरू समावेश गरिएको थियो । स्थापित तथा नवप्रतिभा दुवैलाई सम्मान तथा अवार्ड प्रदान गरिएको जानकारी आयोजक संस्थाका अध्यक्ष निरेन श्रेष्ठले दिए । वरिष्ठ गायक कुमार बस्नेतको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा वरिष्ठ नृत्य निर्देशक भाइराम श्रेष्ठ, कुन्साङ लामा, सिर्जना बुर्लाकोटी, अग्रज गायिका मीरा राणा, वरिष्ठ संगीतकार राजु सिंह, वरिष्ठ गायक लाक्पा शेर्पा, वरिष्ठ गायिका चन्द्रकला शाह, गायक घमेश दुलाल, गायक यसकुमार र गायिका सीता थापालगायतको आतिथ्यता रहेको थियो । कार्यक्रम पञ्चैबाजा वादनसहित उद्घाटन गरिएको थियो । कार्यक्रममा विभिन्न ३९ विधामा सम्मान तथा अवार्ड वितरण गरिएको थियो । लाइफटाइम एचिभमेन्ट अवार्ड वरिष्ठ गायक रेशम थापालाई २२ हजार २२२ नगद रुपैयाँसहित प्रदान गरिएको थियो । पत्रकार सम्मान ऋषि थपलियालाई प्रदान गरियो भने अन्य कला सम्मान दिवाकर भण्डारी, विष्णु तामाङ, गंगा सोनाम, राजेश थापा, नारायण दंगाल, सञ्जीव ठकुरी र अशिमकुमार कटुवाललाई प्रदान गरिएको थियो । जुरी सम्मानबाट गायक रत्नदीप चौधरी, मोडेल सञ्चिता शाही र सावित्री केसी सम्मानित हुनुभएको थियो । कार्यक्रममा समाजसेवी तथा व्यवसायीहरूलाई पनि सम्मान गरिएको थियो । लोकदोहोरीतर्फ सर्वोत्कृष्ट गायक निरमकुमार शाही ('उखुमै बनायो'), गायिका बिन्दा परियार ('ओ वेबि नो वेबि'), लय सुमन विश्वकर्मा ('मुटु खाइरयो'), नवगायिका सबिना बुढामगर ('रातो फूल'), मोडेल महिला कोमल नेपाली ('स्याउली बजारमा'), मोडेल पुरुषकुमार सुनेल ('चोली तुनामा')लगायत सम्मानित भएका थिए । आधुनिकतर्फ सर्वोत्कृष्ट गायक कृष्ण केसी ('भिरको बाटो'), गायिका स्मिता प्रधान ('मैले तिम्रो माया'), भीमकुमार ओझा ('अनिधो रात'), संगीतकार रोशन सिंह ('मायाले गरिबी'), मोडेल पुरुष विक्रम बुढाथोकी ('तिम्रो मन बदलियो') र मोडेल महिला मल्किा राजोपाध्याय ('कल्ले भन्यो') घोषित भए ।त्यस्तै, सर्वोत्कृष्ट काठे भाकातर्फ मनकुमार घायल ('सपनाको घर') र अर्चना स्यांतान ('अल्लारे') पुरस्कृत हुनुभयो । अन्य विभिन्न विधामा छायांकार तथा म्युजिक एरेन्जर केशव बडु, कलाकार रश्मि पाण्डे, नवप्रतिभा नव थापा, धनराज वाइबा, सलिना पाखीन, कौरा कुसु गुरुङ, राजन पुरी, सत्यराज चौलागाईं, दुर्गा नेपाल, गोकुल ढकाल, हरि सुनार, विशाल सोनी, सागर लम्साल (बले), प्रमिता राजघटानी, गंगाराम घिमिरे, कृष्णमाया भण्डारी, रञ्जना सुन्दास र अशोक तामाङ सम्मानित हुनुभएको थियो । कार्यक्रमले नेपाली गीतसंगीत क्षेत्रका सर्जक तथा कलाकारलाई सम्मान गर्दै सांगीतिक गतिविधिलाई थप उत्साह प्रदान गरेको आयोजकको दाबी छ ।

*-इहिमालय टाइम्स डटकम*

## 'जिरो डिग्री'को 'अरे ओ नेता जी' गीतमा नेताप्रति व्यंग्य



छायांकनको तयारीमा रहेको फिल्म 'जिरो डिग्री'को व्यङ्ग्यात्मक गीत 'अरे ओ नेता जी' सार्वजनिक गरिएको छ । समसामयिक राजनीति र झुटा आश्वासन बाँड्ने नेताप्रति व्यङ्ग्य गरिएको यस गीतमा अभिनेता विजय बराल र गायक अद्रित बाबु अधिकारीको स्वर रहेको छ भने अद्रित स्वयंको संगीत तथा युवराज काफ्लेको शब्द रचना छ । गीतको भिडियोमा फिल्मका मुख्य अभिनेता विजय बराल देखिएका छन् । आम नागरिकले विकास निर्माणबारे प्रश्न गर्दा नेताले दिने टालटुले जवाफ र 'यही हो विकास' भन्दै देखाउने प्रवृत्तिलाई गीतमा व्यङ्ग्यात्मक शैलीमा चित्रण गरिएको छ । निर्माण पक्षले प्रतिनिधि सभा निर्वाचनको संघारमा यो गीत दर्शकमाझ ल्याउनुलाई अर्थपूर्ण रूपमा हेरिएको छ । आकाश बराल र साजन काफ्लेको लेखन, निर्माण तथा निर्देशनमा बन्ने यस फिल्मको कथा राजन भुसालले लेखेका हुन् । फिल्ममा राजनको अभिनय पनि रहनेछ । मेघौली फिल्म्सको ब्यानरमा निर्माण हुन लागेको फिल्मको कार्यकारी निर्मातामा मोती कार्की रहेका छन् । निशाल पौडेलको छायांकन रहने फिल्मको सम्पादन चानस मगरले गर्नेछन् । सडक सञ्जालले नछोएको एक दुर्गम गाउँमा आमाबुवाको निधनपछि विदेशमा रहेका सन्तान नआइपुग्दासम्म शव सुरक्षित राख्न सहरबाट 'डीप फ्रिज' बोकेर गाउँ भित्र्याएपछि उत्पन्न हुने परिस्थितिलाई फिल्ममा देखाइने जनाइएको छ । निर्देशक द्वय बराल र काफ्लेका अनुसार फिल्ममा एउटा फ्रिज गाउँसम्म पुऱ्याउने प्रसंग मात्र नभइ लाइट कमेडी कथा पनि रहेको छ ।

*-फिल्मी खबर डटकम*

# आज शेर्पा समुदायले ग्याल्पो ल्होसार मनाउँदै




**पाल्पा,** फागुन ५/ शेर्पा समुदायले मनाउने सांस्कृतिक पर्व ग्याल्पो ल्होसार विविध कार्यक्रम आयोजना गरी आज (बुधबार) मनाइँदै छ । प्रत्येक वर्ष फागुन शुक्ल प्रतिपदाका दिन तिब्बती बौद्ध धर्म अवलम्ब गर्ने शेर्पा समुदायमा यो पर्व मनाउने गरिन्छ ।

शेर्पालगायत उत्तरी हिमाली क्षेत्रमा बसोबास गर्ने समुदायले आज विभिन्न कार्यक्रम आयोजना गरी मनाउँदै छन् । भोट भाषाको दाथोक पात्रोअनुसार फागुन शुक्ल प्रतिपदाका दिनदेखि शेर्पा जातिको ल्होसार अर्थात् नयाँ वर्ष सुरु हुन्छ । यसअनुसार बाँदर वर्ष पूरा भई चरा वर्ष लाग्ने शेर्पा संस्कृतिविद् बताउँछन् । शेर्पा संस्कृति अनुसार मुसा, गोरु, बाघ, खरायो, ड्रागन, सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर र सुँगुर गरी १२ वर्ष हुन्छ । बालक जुन वर्षमा जन्मेको हुन्छ त्यसकै आधारमा उसको जीवनका धार्मिक क्रियाकलाप सञ्चालन हुन्छ । आजैदेखि १५ दिनसम्म बुद्धले ऋद्धि शक्तिमाथि विजयी प्राप्त गरेको सम्झनामा विशेष कार्यक्रम गरी मनाइन्छ । नेपालमा तमु ल्होछार, तोला ल्होछार, सोनाम ल्होछार र ग्याल्पो ल्होछार गरी विभिन्न समुदायले ल्होछार मनाउने गर्दछन् । बौद्ध धर्म अन्तर्गत महायानी सम्प्रदायमा तिथिमिति परिवर्तन भई पुरानो वर्षलाई बिदा गरी नयाँ वर्ष मनाउनु ल्होछार हो । 'ल्हो' भनेको वर्ष र 'छार' भन्नाले परिवर्तन भन्ने अर्थले ल्होछार शब्दको उत्पत्ति भएको तथ्य छ । हिमाली, पहाडी तथा तराईमा रहेका समुदायहरुले विभिन्न तिथिमितिमा मान्ने ल्होछार शब्दले तिब्बती वा तामाङ भाषामा नयाँ वर्षको अर्थ दिन्छ । प्राचीन समयमा चिनियाँ सभ्यतामा विकास भएको चिनियाँ ज्योतिष परम्परामा वर्ष गणना पद्दतिमा आधारित रहेको चन्द्रगति अनुसारको (लुनार क्यालेण्डर) पात्रोमा आधारित नयाँ वर्ष हो । अन्य पात्रोमा जस्तै ल्होछार परम्परामा पनि बार, महिना, शुभ, अशुभ आदि आफ्नै मौलिक तरिकाले तय गरिने चलन हुन्छ । ग्याल्पो ल्होसार भोटका नवौं राजा उदे गुङ्यालका पालादेखि वसन्त पर्वका नामले मनाउन सुरु गरिएको हो । समयक्रममा ग्याल्पो ल्होसार नामकरण भएको अनुसन्धाता बताउँछन् । शेर्पा जातिको बसाइँसराइसँगै यो पर्व मनाउने जिल्ला बढेको हो । पुस १५ मा गुरुङ समुदायले तमु र माघ शुक्ल प्रतिपदाका दिन तामाङ समुदायले पनि सोनाम ल्होसारका नाममा यो पर्व मनाउँछन् ।

# लुम्बिनी प्रदेशमा ...

...प्रदेशको कुल प्रजनन दर ३ दशमलव ६ रहेको तथ्याङ्कले मातृ-नवजात स्वास्थ्य सेवामा थप सघन प्रयासको आवश्यकता औंल्याएको जनाइएको छ ।

**निःशुल्क परीक्षणका चार प्याकेज**

मन्त्रालयले सेवामा देखिएको चुनौती अन्त्य गर्न गर्भावस्थाको चरणअनुसार प्याकेज ए, बी (वान), बी (टु) र सी गरी विभिन्न प्रकारका प्याकेज कार्यक्रम राखिएका छन् । स्थानीय स्वास्थ्य संस्था वा तोकिएका प्रेषण अस्पतालमार्फत तोकिएबमोजिम परीक्षण निःशुल्क उपलब्ध हुने गरी व्यवस्था मिलाइएको स्वास्थ्य मन्त्रालयका वरिष्ठ नर्सिङ प्रशासक ईश्वरी केसी उल्लेख गरिन् । सीबीसी, आरबीएस, युरिन आरएमई, क्रिटिनाइन, एसजीओटी, एसजीपीटी, टिएसएच, रक्त समूह, एचबीएसएजी, भिडिआरएल र आवश्यक परे थप परीक्षण र जिल्ला अस्पतालमा एएसजी गर्न सकिनेगरी प्रबन्ध मिलाइएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । पहिलो गर्भजाँच १२ हप्ताभित्र गराउने, २०-२४ हप्तामा थप जाँच सुनिश्चित गर्ने तथा जटिलता देखिएमा तोकिएका जिल्ला-स्थित सरकारी प्रेषण अस्पतालमा मात्र सन्दर्भ गर्ने व्यवस्था गरिएको र यसका लागि प्रेषणका लागि स्थानीय स्वास्थ्य संस्थाबाट पुर्जा अनिवार्य गरिएको छ ।

**सम्मानजनक सेवा : गुणस्तरको केन्द्रबिन्दु**

अभियानमार्फत पहुँच बढाउने मात्रै नभइ सेवा सम्मानजनक, गोपनीयता र भेदभावरहित बनाउनेमा जोड दिइएको प्रदेश स्वास्थ्यमन्त्री खेमबहादुर सारुले बताए । प्रमाणमा आधारित उपचार, प्रभावकारी प्रेषण प्रणाली, तथ्याङ्कको प्रयोग, संवेदनशील सञ्चार, भावनात्मक सहयोग, सीपयुक्त जनशक्ति र सहयोगी पूर्वाधारलाई गुणस्तरीय सेवाका मुख्य स्तम्भका रूपमा अघि सारिएको मन्त्री सारुले उल्लेख गरे । पछिल्ला तीन वर्षमा केही सूचकमा आएको गिरावटलाई गम्भीरतापूर्वक लिएर विशेष हस्तक्षेप आवश्यक ठानिएको मन्त्रालयले जनाएको छ । तर यसलाई सुधार्ने गरी जनशक्तिको व्यवस्थापनलगायत काममा ध्यान दिइएको मन्त्री सारुको भनाइ छ । संविधानको स्वास्थ्यसम्बन्धी हक र महिलाको सुरक्षित मातृत्व अधिकार साथै सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५ लगायत कानुनी प्रावधानसँग कार्यक्रम समन्वयात्मक तरिकाले व्यवस्थित गरिएको छ । कार्यक्रममा प्रदेश सरकार स्वास्थ्य सचिव दुर्गालक्ष्मी श्रेष्ठ र विभिन्न विभागका प्रमुखसहित वरिष्ठ अधिकारीहरुको सहभागिता थियो । सुरक्षित मातृत्व अभियानअन्तर्गत प्रत्येक स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा अनुगमन समिति सक्रिय गरिने उल्लेख छ । गर्भजाँचका लागि दर्ता भएका महिलामध्ये शतप्रतिशतले तोकिएअनुसार जाँच पूरा गरेको सुनिश्चित गर्नेलाई प्रोत्साहनस्वरूप मासिक दुई हजार उपलब्ध गराइने मन्त्रालयले जनाएको छ । त्रैमासिक रूपमा परीक्षण बिल, मातृ-नवजात स्वास्थ्य कार्डको प्रतिलिपि र प्रेषण कागजातसहित भुक्तानी माग गर्ने स्पष्ट प्रक्रिया तोकिएको छ, जसले पारदर्शिता र जवाफदेहिता बढाउने अपेक्षा गरिएको छ । कार्यक्रममा जिल्ला समन्वय समिति रुपन्देहीका प्रमुख उमाकान्त चापागाइँ, देवदह नगरपालिका प्रमुख ्व खरेल, लुम्बिनी सांस्कृतिक नगरपालिका प्रमुख कल्पना हरिजनलगायतले अभियान सफलताको कामना गरेका थिए । त्यस अवसरमा मन्त्रालयका तर्फबाट वरिष्ठ नर्सिङ प्रशासक केसीसहित विश्व स्वास्थ्य संगठन अनुगमन ढाँचाबारे शङ्क भट्ट, दानबहादुर खड्कालगायतले विभिन्न तथ्याङ्क सहितको विशेष अवधारणाहरु सार्वजनिक गरेका थिए ।*-रासस*

## खेलकुद समाचार

### जिम्बावे टी-२० विश्वकपको 'सुपर-एट' मा



**काठमाडौं,** फागुन ५/जिम्बावे आईसीसी टी-२० विश्वकप क्रिकेटको 'सुपर-एट' मा पुगेको छ ।

श्रीलङ्काको पल्लेकेलेमा वर्षाका कारण समूह 'बी' मा आयरल्यान्डसँगको खेल रद्द भएसँगै जिम्बावे १ अंक लिएर 'सुपर-एट' मा पुगेको हो । आयरल्यान्डले पनि १ अंक जोडेको छ । यो नतिजाले अस्ट्रेलिया र आयरल्यान्ड समूह चरणबाटै बाहिरिएका छन् । यो समूहबाट श्रीलङ्का 'सुपर-एट' मा पुगिसकेको छ ।

यसअघि भारतको चेन्नईमा भएको समूह 'डी' को खेलमा क्यानडालाई हराउँदै न्युजिल्यान्ड 'सुपर-एट' मा पुगेको छ । न्युजिल्यान्डको जीतले क्यानडासहित, अफगानिस्तान र यूएई बाहिरिएका छन् । यो समूहबाट यसअघि दक्षिण अफ्रिका 'सुपर-एट' मा पुगिसकेको छ ।

यस्तै समूह 'ए' बाट भारत, समूह 'बी' बाट श्रीलङ्का, समूह 'सी' बाट वेस्ट इन्डिज र इङ्गल्यान्ड 'सुपर-एट' मा पुगेका छन् । अब 'सुपर एट' पुग्ने अन्तिम टोली बन्न समूह 'ए' का अमेरिका, पाकिस्तान र नेदरल्यान्ड्सबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगितामा स्कटल्यान्डले एक खेल जितेको छ भने नेपाल जीतविहीन छ ।

**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# नेप्से दोहोरो अंकले घट्यो



**काठमाडौं,** फागुन ५/सेयर बजारमा मंगलबार दोहोरो अंकको गिरावट आएको छ । नेप्से परिसूचक २० दशमलव ५ अंकले घटेर २ हजार ६ सय ४२ दशमलव १५ विन्दुमा अडिएको हो ।

सो अवधिमा ३ सय ५४ कम्पनीको दुइ करोड पाँच लाख ५९ हजार ५५ कित्ता शेयर ८३ हजार ७५ पटक खरिदबिक्री हुँदा आठ अर्ब ३६ करोड ४४ लाख २४ हजार २४ हजार ५ सय ५५ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । म्युचुअल फन्ड उपसमूहको सूचक शून्य दशमलव ५६ र व्यापार समूह शून्य दशमलव २२ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ४५, विकास बैंक एक दशमलव १८, वित्त दुई दशमलव ११, होटल तथा पर्यटन एक दशमलव १९, जलविद्युत् एक दशमलव ६३, लगानी शून्य दशमलव ८१, उत्पादन तथा प्रशोधन शून्य दशमलव ७३, लघुवित्त शून्य दशमलव ५०, निर्जीवन बीमा शून्य दशमलव ७५ र अन्य समूह शून्य दशमलव ५८ प्रतिशतले घटेको छ ।

सलपा विकास बैंक लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने सुपर माई हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै रिडि पावर कम्पनी लिमिटेडको ५३ करोड ३६ लाख १४ हजार ८४२ बराबरको १५ लाख ९९ हजार ३८४ कित्ता शेयर कारोबार भएको छ ।

## हार्दिक समवेदना



जन्म वि.सं. २००३/१०/१४

स्वर्गारोहण वि.सं.२०८२/१०/२६

**स्व.गममाया गौतम**

परियार समाज गुठी तानसेन पाल्पाका पूर्व कोषाध्यक्ष विष्णु गौतम, का.स. सन्तोष गौतम र सदस्य जीत बहादुर गौतमको ममतामयी माता **गममाया गौतम**को मिति २०८२ माघ २६ गते सोमबारका दिन ८० वर्षको उमेरमा भएको दुःखद् निधनले यस गुठी परिवार स्तब्ध भएको छ । साथै यस दुःखद् घडीको आज १३ औं पूण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामनासँगै **हार्दिक श्रद्धाञ्जली** तथा शोकाकूल परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी **हार्दिक समवेदना** प्रकट गर्दछौं ।


| कोषाध्यक्ष | सचिव | अध्यक्ष |
|---|---|---|
| सन्जु दर्नाल | सुजन कार्की | तीर्थप्रसाद गौतम |

एवं

**परियार समाज गुठी परिवार**

तानसेन, पाल्पा

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**



जनचेतना दैनिकको आधिकारिक वेबसाईट

शितलपाटी .कम

www.shittalpati.com डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई